# आ. व. २०८१ । ०८२
# पन्जिकरण शाखाको वार्षिक प्रतिवेदन

## १. परिचय

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढिकरण आयोजना (SSSPCR) नेपाल सरकारद्वारा सञ्चालनमा ल्याइएको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता आयोजना मुलुकको सामाजिक सुरक्षाको प्रणालीलाई सबल बनाउन, सर्वसाधारण नागरिकको जीवनस्तर सुधार गर्न र व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ आदि) को दर्तालाई व्यवस्थित बनाउन केन्द्रित एक महत्वपूर्ण आयोजना हो । यस आयोजनाले समाजका विपन्न, असहाय, अशक्त, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला लगायतका समूहलाई सामाजिक सुरक्षा भत्ता मार्फत संरक्षण दिने मात्र नभई नागरिकसँग प्रत्यक्ष सम्बन्धित घटनाहरूलाई अभिलेखमा ल्याएर राज्यको तथ्यांक प्रणालीलाई अद्यावधिक गर्ने काम गर्दछ ।

## २. लक्ष्य र उद्देश्य

- सामाजिक सुरक्षा भत्ता प्रणालीलाई प्रभावकारी, दिगो र पारदर्शी बनाउने ।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइ आदि व्यक्तिगत घटनाहरूको अनिवार्य दर्ता सुनिश्चित गर्ने ।
- नागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने।
- डिजिटल प्रणाली प्रवर्द्धन – सूचना–प्रविधिको प्रयोग मार्फत सामाजिक सुरक्षा र घटनादर्ता प्रणालीलाई दिगो र आधुनिक बनाउने ।

३. कार्यक्रमको विवरण :

| क्र स | कार्यक्रम / परियोजना | लक्ष्य | खर्च रु | सम्पन्न | लाभान्वित |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता नविकरणमा सहजिकरण | — | — | ९००० | |
| २ | सामाजिक सुरक्षा भत्ता वितरण | सबै नागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने | पहिलो त्रैमासिक = ७१८६४८४८,<br>दोस्रो त्रैमासिक = ७३१२९४१९<br>तेस्रो त्रैमासिम = ७३६११२९१<br>चौथो त्रैमासिक =७४६२३७००<br>**जम्मा =** २९३२२९२५८ | | ११३८२ |
| ३ | घटना दर्ता सप्ताह अभियान | घटना दर्तालाई सत प्रतिशत बनाउने | | | |
| ४ | व्यक्तिगत घटनादर्ता | | जन्म =१२४०<br>मृत्यु =४५७<br>सम्बन्धविच्छेद =५६<br>विवाह= ६१७<br>बसाईसराई आउने =१५१<br>बसाईसराई जाने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | =८८ | | |

४ . उपलब्धीहरु

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ जस्ता व्यक्तिगत घटना दर्ताहरुको पहुँच पुगेको ।
- सामाजिक सुरक्षा भत्ता प्रणाली अन्तर्गत नयाँ लाभग्राहीहरुको सहज पहिचान गर्न सकिएको ।
- अनियमितता र दोहोरो लाभ लिने सम्भावना न्युन भएको ।
- पारदर्शीकता र दिगोपनमा सुधार भएको ।

५. समस्या र चुनौतीहरु

- VERS MIS सर्वर बेलाबेलामा डाउनहुने , प्रणालीमा समस्या आएर डाटाको दोहोरो दर्ता हुने र कहिले कहिले इन्ट्रि गरेको डाटा हराउने समस्या ।
- इन्टरनेट तथा बिजुली जाने वा नहुने भएकोले लाभग्राही समय कुर्नुपर्ने दोहोराएर कार्यालय आउनु पर्ने समस्या ।
- केन्द्रले वार्षिक अनुमानित लाभग्राहिले पाउनुपर्ने भत्ता एकै पटक समयमै निकासा नगर्ने हुँदा वर्षको अन्तिम किस्ता वितरणमा ढिलाई हुने ।
- अपाङ्ग, जेष्ठ नागरिकहरुलाई वडा देखि बैंक टाढा रहेकोहुँदा सेवा प्रवाह गर्न कठिनाई हुने ।

६. आगामी योजनार सुझावहरु

- व्यक्तिगत घटना र सामाजिक सुरक्षा सेवामा सुचना प्रचारप्रसार मार्फत अझ बढि पहुचँ पुर्याउने ।
- वडा स्तरमा रहेका कर्मचारीलाई व्यक्तिगत घटना र सामाजिक सुरक्षा भत्ता सम्बन्धि अभिमुखिकरण तथा क्षमता विकास तालिम दिने ।

- वडा स्तरमा  सामाजिक सुरक्षा भत्तालाई बायोम्याट्रिक प्रणाली मार्फत दर्ता तथा नविकरण गर्न सकेमा सामाजिक सुरक्षा भत्तालाई अझै बढी पारदर्शी बनाउन सकिनेछ ।
- इन्टरनेट तथा बिजुलीको आपुर्ति बढाउन सकेमा लाभग्राहीहरुलाई सहजै सेवा प्रदान गर्न सकिनेथियो ।

## ७. निष्कर्श

सामाजिक सुरक्षा र व्यक्तिगत घटनादर्ता प्रणालीलाई सुदृढ पारदर्शी दिगो तथ्याङ्कमा आधारित सेवा प्रवाह गर्न सबैका लागि पहुँच योग्य बनाउन यो आयोजनाको महत्वपुर्ण भुमिका रहेको छ ।VERS MIS को प्रयोगले सेवा प्रवाहलाई छिटो र पहुँच योग्य बनाएको छ । सामाजिक सुरक्षा प्रणाली र व्यक्तिगत घटना दर्ता प्रणालीलाई एउटै सफ्टवयर मा एकिकृत गर्न सकिएकोछ ।